नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## बाजुरा

प.सं.:- ०७६।७७ च.नं.:- 2034 मिति :-२०७६/११/२३

विषय : COVID-19 सूचना प्रबाह सम्वन्धमा ।

श्री नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, बाजुरा ।
श्री रेडियो बाजुरा, मार्तडी ।
श्री रेडियो पौरखी, मार्तडी ।
श्री रेडियो बुढिनन्दा, कोल्टी ।
श्री रेडियो बार्जु, बुढिगंगा ।

COVID-19(कोरोना भाईरस) को विश्वव्यापी संक्रमण फैलिरहेको र नेपालमा समेत संक्रमणको जोखिमवाट सतर्कता अपनाउन तपशिल बमोजिमका सचेतनामूलक सन्देश निशुल्क रुपमा प्रबाह गरी गराइ सहयोग गरि दिन हुन अनुरोध छ ।

**तपशिल**

१.फागु पूर्णिमा(होली) लगायतका सबै प्रकारका सभा, सम्मेलन, भेला कार्यक्रमवाट भिडभाड भई सो को कारण जोखिम बढ्ने सम्भावना भएकाले सभा सम्मेलन, भिडभाड नगर्ने र भिडभाडमा सामेल नहुने ।

२.मास्क लगाउने नियमित रुपमा सावुन पानीले हातधुने, अनावश्यक भिडमा नजाने, खोक्दा वा हाछ्यूँ गर्दा नाक मुख छोप्ने, हात नमिलाउने जस्ता सावधानी अपनाउदै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सो संग सम्वन्धीत कार्यालयवाट जारी भएका स्वास्थ्य सम्वन्धी सन्देशहरुको पालना गर्ने ।

३. COVID-19(कोरोना भाईरस) को सम्भावित जोखिमको बहानामा कसैले कालो बजारी गर्ने वा कृत्रिम अभाव सृजना गर्ने गराउने कार्य गरेमा कानून बमोजिम कडा कारवाही गरिनेछ ।

**बोधार्थ**

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध, नियन्त्रण शाखा, सिंहदरवार,काठमाण्डै - तहाँको च.नं.३१४५ मिति २०७६।११।२२ को पत्रको सन्दर्भमा ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री नगरपालिका/गाउँपालिकाको कार्यालय, सबै - बजार अनुगमन एवं स्वास्थ्य सम्वन्धी आवश्यक व्यवस्थाका लागि ।
श्री जिल्ला अस्पताल, बाजुरा - आवश्यक परेको वेलामा स्वास्थ्य सेवा उपलव्ध गराने आवश्यक व्यवस्थाका लागि
श्री स्वास्थ्य कार्यालय, बाजुरा - आवश्यक व्यवस्थाका लागि ।
श्री सबै सरकारी कार्यालयहरु - आवश्यक व्यवस्था तथा सचेतनाका लागि ।
श्री उद्योग बाणिज्य संघ बाजुरा - आवश्यक व्यवस्था तथा सचेतनाका लागि ।
श्री नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय बाजुरा - आवश्यक व्यवस्था तथा सचेतनाका लागि ।
श्री गै.स.स.महासंघ बाजुरा - आवश्यक व्यवस्था तथा सचेतनाका लागि ।

प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"

प्र.जि.अ. ०९७-५४११२५ स.प्र.जि.अ ०९७५४११५१ प्रशासन+नागरिकता ०९७-५४१३१४ फ्याक्स नं. ०९७-५४११५१
Email : bajuradao99@gmail.com/daobajura@moha.gov.np Website : daobajura.moha.gov.np